कली उपन्यासको सङ्कथन विश्लेषण

देवीराम लामा, सह प्राध्यापक
हेटौंडा क्याम्पस

सार

'रेशम विरही' द्वारा लिखित 'कली उपन्यास' ३०४ पृष्ठ, पच्चिस भागमा संरचित सामाजिक राजनीतिक विषयवस्तुमा आधारित उपन्यास हो। आधुनिक नेपाली साहित्यका कविता, निबन्ध र उपन्यास विधाका सर्जक 'रेशम विरही' मौलिक, सिर्जनात्मक र निजात्मक भाषा, शैली र रचनाविन्यासका स्वप्नदर्शी साधक हुन्। विरहीद्वारा लिखित प्रस्तुत 'कली उपन्यास' ले अपनाएको शैलीगत, विषयगत अनि पात्र र चरित्रगत नवीनता र उपन्यासमा आम मान्छेका सपना, सङ्घर्ष र समय परिवर्तनको गति तथा आवेगलाई टिप्ने सार्थक एवम् कलात्मक प्रयत्नमा सङ्कथनात्मक अन्विति के कस्तो रहेको छ भनेर प्रस्तुत उपन्यासलाई अध्ययनको विषय बनाइएको हो। यस अध्ययन विरह द्वारा लिखित 'कली उपन्यास' को पाँचौं भागसम्मको सङ्कथन विश्लेषणमा मात्र केन्द्रित रहेको छ। यस शोधमा गुणात्मक ढाँचाको मात्रा उपयोग गरिएको छ। प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनको लागि पुस्तकालयीय अध्ययनलाई मुख्य आधार बनाइएको छ। अध्ययनको समस्यालाई समाधान गर्न लागि 'विरही' का 'कली' उपन्यासलाई प्राथमिक स्रोत र सङ्कथन विश्लेषणसँग सम्बन्धित प्रकाशित तथा अप्रकाशित पुस्तकहरू र हालसम्म भएका शोधहरूलाई द्वितीयक स्रोतका रूपमा लिई उपन्यासको पाँचौं भागसम्ममा प्रयुक्त सम्बद्धकको मात्र विश्लेषण गरिएको छ। यस उपन्यासमा समाविष्ट गरिएका पच्चिस भागहरूमा रहेका अनुच्छेद र वाक्यहरू सरलदेखि जटिल संचरना, सामान्यदेखि लामा लामा आयामका वाक्यहरू रहेका छन्। प्रस्तुत उपन्यासमा प्रयोग भएका सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्ने क्रममा पाँचौं भागसम्मका भागहरूमा रहेका वाक्यहरूका बीच बाह्य सम्बन्ध दर्साउन आउने सम्बद्धकहरूको खोज गरी निष्कर्ष निकालिएको छ। 'कली' उपन्यासमा विभिन्न प्रकारका सम्बद्धकहरूले भाषिक जोर्नीको भूमिका निर्वाह गरी उपन्यासलाई सुशृङ्खलित बनाएको छ। उपन्यासमा व्याकरणिक र कोशीय दुबै सम्बद्धकको प्रयोग भएको छ। व्याकरणिक सम्बद्धकअन्तर्गत कालिक र स्थानिक सम्बद्धकको प्रयोग बढी भएको छ। कोशीय सम्बद्धकहरूमध्ये पुनरावृत्ति सम्बद्धकको बढी प्रयोग भएको छ। यसरी हेर्दा सम्बद्धक प्रयोगका दृष्टिले 'कली उपन्यास' (पाँचौ भागसम्म) सशक्त देखिन्छ। सम्बद्धक छनोटलाई हेर्दा यस उपन्यासमा प्रयुक्त सम्बद्धकहरूले विचारको शृङ्खलालाई एकातिर शृङखलित बनाएर उत्कृष्ट बनाएको देखिन्छ भने सम्बद्धकहरूको यथोचित प्रयोगले शब्दरवाक्यहरू बिस्तार रोकी मीतव्ययिता कायम हुँदा उपन्यासका भाषाहरू वान्की परेका देखिन्छन्।

शब्दकुञ्जीः सङ्कथन, सम्बद्धक, सहचार्यात्मक, प्रतिस्थापन, सम्प्रेषणात्मक

विषय परिचय

मानव भाषा विचार विनिमयको भरपर्दो र व्यवहारतः सबैभन्दा बढी प्रयोग हुने माध्यम हो। 'भाषा' धातुमा 'आ' प्रत्यय लागेर बनेको 'भाषा' शब्दले 'बोली' भन्ने अर्थ र आधार धातु

ISSN 2822 – 1818 (Print)

'भाषा' ले बोल्नु, प्रकट गर्नु वा भन्नु भन्ने अर्थ दिन्छ । तसर्थ जे बोलिन्छ, त्यो नै भाषा हो । जसको प्रयोग प्रचलित ध्वनि सङ्केत वा लिपि चिन्हद्वारा हुने गर्दछ (भुसाल, २०७५,पृ.१) भाषाको संरचनामा ध्वनिदेखि सङ्कथनसम्मका एकाइहरू रहेका हुन्छन्। यिनै भाषाको वैज्ञानिक र वस्तुगत अध्ययन गर्ने शास्त्रलाई भाषाविज्ञान भनिन्छ। एक वा अनेक भाषाको संरचना, विकास आदिको एककालिक, बहुकालिक, सैद्धान्तिक तथा तुलनात्मक अध्ययन विषय भाषाविज्ञान भनेका छन् (भुसाल, २०७५,पृ.१७)। यसैगरी भाषाको प्रयोग पक्षलाई ध्यानमा राखी अध्ययन गर्ने शास्त्रलाई प्रायोगिक भाषाविज्ञान भनिन्छ। भाषाको आन्तरिक र बाध्य संरचना बुझ्न गरिने प्रयास सैद्धान्तिक भाषा विज्ञान हुन्छ भने त्यस भाषाले खास क्षेत्रमा कसरी काम गरेको छ भनेर हेर्न थालियो भने प्रायोगिक हुनपुग्छ (ढकाल २०७६, पृ.२)। यसर्थ प्रायोगिक भाषाविज्ञान भाषाको प्रयोग पक्षमा आधारित हुन्छ।

प्रायोगिक भाषाविज्ञान विज्ञानको सीमित तथा व्यापक क्षेत्र रहेका छन्। जसमध्ये सङ्कथन विश्लेषण व्यापक क्षेत्रअन्तर्गत पर्ने महत्वपूर्ण क्षेत्र हो। सङ्कथनमा भाषाका विभिन्न एकाइहरू ध्वनि, वर्ण, परिच्छेद आदि विश्लेषणीय रूपमा रहेका हुन्छन्। वाक्यभन्दा माथिल्लो भाषाको विस्तृत स्वरूपलाई सङ्कथन भनिन्छ (पोखरेल र काफ्ले २०७४, पृ. १८२)। प्रायोगिक भाषाविज्ञानका विविध शाखाहरूमध्ये सङ्कथन विश्लेषण एउटा महत्वपूर्ण शाखा हो। सङ्कथन मूलतः कथ्य र लेख्य गरी दुई प्रकारका हुन्छन्। एउटा शब्ददेखि बृहत् शब्दसम्म हुनसक्ने सङ्कथन वाक्यभन्दा माथिल्लो आफैमा पूर्ण एउटै भाषिक घटक हो।

समाज भाषाविज्ञानको विकास भएपछि सङ्कथन विश्लेषण गर्ने परम्पराको थालनी भएकाले यसले समाज भाषाविज्ञानको प्रभाव सैद्धान्तिक अवधारणाका रूपमा ग्रहण गरेको छ। सन १९६० को दशकपछि चम्स्कीले यसको थालनी गरेका हुन् (ढकाल २०७६ पृ. १९)। यसर्थ भाषाको विकास भएको धेरै पछि मात्र सङ्कथनको चर्चा गर्न थालियो। यसरी सन १९६०को दशकमा थालनी भएको सङ्कथन विश्लेषणलाई समृद्ध बनाउने कार्यमा प्रतीक विज्ञान, समाज भाषा विज्ञान, प्रकरणार्थ विज्ञानको प्रत्यक्ष र परोक्ष भूमिका रहेको देखिन्छ (पोखरेल र काफ्ले, २०७४,पृ.१८५)। सङ्कथन विश्लेषण गर्दा सङ्कथनमा हुनुपर्ने गुणहरू छन् कि छैनन् भनी अध्ययन अनुसन्धान गरिन्छ। सङ्कथन विश्लेषण गर्ने आधारहरू फरक फरक हुन्छन्। लेख्य सङ्कथनको तुलनामा कथ्य सङ्कथनको विश्लेषण कार्य बढी जटिल हुन्छ। यसरी हेर्दा प्रायोगिक भाषा विज्ञानको नूतन तर महत्वपूर्ण शाखा सङ्कथन विश्लेषण हो। सङ्कथनका विभिन्न तत्वहरूको आधारमा मौखिक वा लिखित सङ्कथनलाई के कसरी व्याख्या वा विवेचना गर्न सकिन्छ भनेर अध्ययन गर्न आवश्यक हुन्छ। सन् १९६० र १९७० को दशकमा सङ्कथन विश्लेषणको थालनी भएको पाइएकोमा हाल यस क्षेत्रमा प्रशस्तै शोधपत्र तथा शोधप्रबन्धहरु तयार भएको पाइन्छ। यसरी सङ्कथन विश्लेषण नयाँ विषय भएकोले यसैको सेरोफेरोमा रहेर अध्ययन गर्ने प्रयास गरिएको छ।

नेपाली साहित्यका विविध विधाहरुमा विधाहरूमा सक्रिय 'रेशम विरही' मौलिक, सिर्जनात्मक र निजात्मक भाषाशैलीका आशावादी स्रस्टा हुन्। उनै विरहीद्वारा लेखिएको 'कली उपन्यास' ले शैली तथा विषयगत नवीनता अनि पात्र र चरित्रको सन्तुलित प्रस्तुतिले कली

ISSN 2822 – 1818 (Print)

उपन्यासमा आम मानिसका सपना, सङ्घर्ष र गतीशील समय अनि विभिन्न आवेगलाई कसरी सार्थक एवम् कलात्मक बनाएको छ भनेर प्रस्तुत 'कली उपन्यास' लाई यस अध्ययनको विषय बनाइएको छ।

यस उपन्यासमा अनेक आवरणका राजनीतिक मानिसहरू छन्। कोही सजिलै चिन्न सकिने छन् भने कोही चिन्नै गाह्रो छन्। को को के गर्छन् र कसको सम्बन्ध कहाँ छ, बुझ्नै कठिन छ। राजनीतिका तिनै पात्रहरूको आपसी सम्बन्ध, सहकार्य र द्वन्द्वका अनेक चक्रहरूमा अनुबन्धित यस कली उपन्यासकी पात्र कली र उनकै सेरोफेरोमा संरचित यस उपन्यासको पात्रहरुबीच के कस्तो संशक्ति प्रयोग भएको भएको छ भन्ने तथ्य उजागर गर्न यस उपन्यासको सङ्कथन विश्लेषण गर्न खोजिएको हो।

समस्या कथन र उद्देश्य

कविता, निबन्ध र उपन्यास विधामा कलम चलाएका 'रेशम विरही' द्वारा लिखित 'कली उपन्यास' मा कुन कुन सम्बद्धकहरू प्रयोग भएका छन् र यस उपन्यासमा प्रयोग भएका सम्बद्धकहरूलाई कसरी विश्लेषण गर्न सकिन्छ ? भन्ने समस्याहरु। यस उपन्यासमा प्रयोग भएका सम्बद्धकहरू र प्रयोग भएका सम्बद्धकहरूको अवस्गाको विश्लेषण गर्न उद्देश्यमा यस अध्ययन केन्द्रित रहेको छ।

सीमाङ्कन र अध्ययन विधि

यस अध्ययन कली उपन्यासको सङ्कथन विश्लेषणमा मात्र केन्द्रित रहेको छ। यसमा 'रेशम विरही' द्वारा लिखित 'कली उपन्यास' को पाँचौं भागसम्मको सङ्कथन विश्लेषणमा मात्र केन्द्रित रहेको छ। यस अध्ययनमा 'कली' उपन्यासमा प्रयोग भएका सम्बद्धकहरू (व्याकरणिकअन्तर्गत सार्वनामिक, स्थानिक र कालिक, संयोजन प्रतिस्थापन, लोप, निपात तथा कोशीयअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशात्मक सन्निधान वा सहप्रयोग शब्द शृङ्खला) को आधारमा सोदाहरण व्याख्या विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनको लागि पुस्तकालयीय अध्ययनलाई मुख्य आधार बनाई अध्ययनको समस्यालाई समाधान गर्न लागि 'रेशम विरही' का 'कली' उपन्यासलाई प्राथमिक स्रोत र सङ्कथन विश्लेषणसँग सम्बन्धित प्रकाशित तथा अप्रकाशित पुस्तकहरू र हालसम्म भएका शोधहरूलाई द्वितीयक स्रोतका रूपमा लिई उपन्यासको पाँचौं भागसम्ममा प्रयुक्त सम्बद्धकको मात्र विश्लेषण गरिएको छ। यस शोधमा गुणात्मक ढाँचाको मात्रा उपयोग गरिएको गरिएको छ।

सैद्धान्तिक आधार

सङ्कथन भन्नाले वाक्यभन्दा ठूलो भाषाको नटुक्रिएको एकाइ भन्ने बुझिन्छ। सङ्कथन सम्प्रेषणात्मक क्षमता भएको भाषिक उच्चारणसँग सम्बन्धित हुने गर्दछ। सिङ्गो भाव वा विचारसँग सम्बन्धित स्वयम्मा पूर्ण अभिव्यक्ति वा समय कथनलाई सङ्कथन भन्ने चलन छ। विषय प्रसङ्ग र सन्दर्भका आधारमा यसका विभिन्न रूपहरू हुन सक्छन्। सङ्कथन के हो र यसको स्वरूप कस्तो हुनुपर्छ भन्ने विषयमा विद्वान्हरूो धारणालाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

ISSN 2822 – 1818 (Print)

लङम्यान डिक्सनरी अफ ल्याङ्ग्वेज टिचिङ एन्ड अप्लाइड लिङ्गिवस्टिक्स (ढुङ्गाना, २०६७,पृ.९) का अनुसार सङ्कथन भनेको कुनै सम्प्रेषणात्मक कार्यका लागि उत्पादित भाषागत परिणामलाई बुझाउने भाषिक प्रयोग उदाहरणहरूका निम्ति प्रयुक्त हुने उक्ति हो भनेका छन् भने इन्साइक्लोपेडिक डिक्सनरी अफ अप्लाइड लिङ्गिवस्टिक्स (सन् १९९९) (पौडेल,२०७३ पृ.१६) ले भाषाको सम्प्रेषणात्मक प्रयोगमा भएका अर्थ, उद्देश्य र एकत्वसम्बन्धी ग्रहण प्रक्रियाहरू सङ्कथन भनेका छन्। यसैगरी माइकेल स्टेप्स (सन् १९८३) (पौडेल,२०७३,पृ.१६) ले भाषाविद्हरूले निर्माण गरेका वाक्यहरू एक्ला वा सन्दर्भविहीन छैनन् र एक आपसमा अन्तर्सम्बन्धित छन् भने सङ्कथन भनिन्छ र तिनै सान्दर्भिक कथ्य भएका वाक्यहरूको अध्ययनलाई सङ्कथन विश्लेषण भनेका छन् भने जेलिङ एस. ह्यारिस (सन् १९५२) (पौडेल, २०७३ पृ.१६) का अनुसार सङ्कथन भनेको वाक्यहरूको अन्तर्सम्बन्ध हो। यसैगरी हेमाङ्गराज अधिकारीले वाक्यभन्दा माथिल्लो एकाइलाई सङ्कथन भनेका छन् (पोखरेल र काफ्ले, २०७४,पृ.१८५) भनेका छन्। देवीप्रसाद गौतमले एक सार वाक्यको रूपमा वा त्यसभन्दा माथिका जुनसुकै तहका संरचनामा रहने एकाइलाई सङ्कथन (पोखरेल र काफ्ले, २०७४, पृ.१८५) भनिन्छ भनेका छन्। माथिका परिभाषाहरूको आधारमा जुनसुकै आयाम भएका लामो वा छोटो, अथवा मौखिक वा लिखित जुनसुकै रूपका भाषाको पूर्ण अभिव्यक्तिलाई सङ्कथन भनिन्छ।

सङ्कथनका युक्तिहरू

सङ्कथन भाषाको समग्र कथन वा सिङ्गो अभिव्यक्ति हो। यसमा मानवीय अनुभवसँग सम्बन्धित विविध पक्षहरू भाषिक स्वरूपमा आएका हुन्छन्। मानवीय अनुभवलाई अन्वितिपूर्ण बनाई अर्थबोध गराउन सम्बद्धक र सम्बद्धनको महत्वपूर्ण भूमिका रहन्छ। डि. बग्राउन्डे (१९८१) ले सम्बद्धक र सम्बद्धन, अभिप्रायमूलकता, ग्राह्यता, सूचनामूलकता, परिस्थितिमूलकता र पाठात्मक अन्तर्सम्बद्धता गरी सङ्कथनका सात युक्तिहरूको चर्चा गरको पाइन्छ (काफ्ले र पोखरेल, २०७४, पृ.१९१)। सङ्कथनमा अभिव्यक्त मानवीय अनुभवलाई अन्वितिपूर्ण बनाउन सम्बद्धक र सम्बद्धनको विशेष महत्व रहन्छ। जसलाई निम्नानुसार चर्चा गर्न सकिन्छः

सम्बद्धक

भाषिक अभिव्यक्तिलाई प्रभावकारी र अर्थपूर्ण बनाउन विविध भाषिक जोर्नीहरूको आवश्यकता पर्दछ। वाक्य वा सोभन्दा माथिल्ला एकाइहरूलाई एकआपसमा अन्तर्सम्बन्धित गराउने भाषिक तत्व नै सम्बद्धक हो। यसलाई संसक्ति पनि भनिन्छ। यसले पाठभित्रका व्याकरणिक तथा शाब्दिक एकाइहरूलाई जोड्ने काम गर्छ। यसलाई भाषिक जोर्नी, जोडक वा अन्वयक पनि भनिन्छ (काफ्ले र पोखरेल, २०७४, पृ. १९१)। यसरी भाषाका विभिन्न एकाइहरू बीच सम्बन्ध स्थापित गर्न प्रयोग गरिने युक्तिहरूलाई सम्बद्धक भनिन्छ।

भाषिक एकाइहरूका बीच अन्तरसम्बद्ध जनाउन आउने सार्वनामिक, कालिक, दैनिक आदि भाषिक तत्वहरूलाई सम्बद्धकका रूपमा लिइन्छ। यो शब्द, पदावली, उपवाक्य एवम् वाक्यका बीच शृङ्खला वा अन्विति दर्साउन आउने एक किसिमको युक्ति हो। यसलाई भाषिक एकाइहरूका बीचको अन्वयक वा जोडक पनि भन्न सकिन्छ। तसर्थ सङ्कथनका सन्दर्भमा सम्बद्धकलाई

ISSN 2822 – 1818 (Print)

वाक्यभन्दा माथिल्लो तहमा अन्तर्वाक्यीय सम्बद्धताका लागि प्रयोग हुने भाषिक जोर्नीका रूपमा लिइन्छ। यसले एक अर्को तत्वहरूलाई आपसमा जोड्ने काम गर्दछ। सङ्कथनमा अभिव्यक्त विषयवस्तु वा विचारको शृङ्खलालाई यिनले कतै विस्तार गर्न, कतै स्पष्टीकरण दिन, सङ्गठन गर्ने, व्याख्या गर्ने, विरोध गर्ने, तुलना गर्न, कार्यकारण सम्बन्ध देखाउने, मितव्ययिता कायम गर्ने, थपोट गर्ने आदि भूमिका निर्वाह गर्दछ (काफ्ले र पोखरेल, २०७४, पृ. १९१)। यसरी सङ्कथनमा प्रयुक्त विषय, सहभागी, माध्यम, कोड आदि तत्वको हरुको आधारहरुमा गरिने विश्लेषण सङ्कथन विश्लेषण हो।

सम्बद्धकमा प्रकारका सन्दर्भमा विद्वान्हरूबीच मतभिन्नता रहेको पाइन्छ। ह्यालिडे र हड्सन (सन १९७६) (पोखरेल र काफ्ले, २०७४, पृ.१९१) ले प्रसङ्ग, प्रतिस्थापन, लोप, संयोजन र कोशीय गरी सम्बद्धकलाई पाँच भागमा विभाजन गरेका छन्। त्यस्तैगरी सम्बद्धकका सार्वनामिक, स्थानिक र कालिक, संयोजन, पुरावृत्ति, प्रतिस्थापन, लोप र कोशीय अर्थसम्बन्ध गरी सातओटा भेदको चर्चा गरेको पाइन्छ। समग्रमा सम्बद्धकलाई व्याकरणिक र कोशीय गरी दुई भागमा विभाजन गर्न सकिन्छ (काफ्ले र पोखरेल ०७४, पृ.१९१)। यसरी विभिन्न विद्वानहरूले आ-आफ्नै किसिमले सम्बद्धकलाई वर्गीकरण गरे पनि व्याकरणिक सम्बद्धकअन्तर्गत सार्वनामिक सम्बद्धक, स्थानिक र कालिक, संयोजक सम्बद्धक, प्रतिस्थापन सम्बद्धक, लोप सम्बद्धक, निपात सम्बद्धक र कोशीय सम्बद्धकअन्तर्गत पुनरावृत्ति सम्बद्धक, पर्यायवाची सम्बद्धक, विपरीतार्थी सम्बद्धक, समावेशात्मक सम्बद्धक, सन्निधान वा सहप्रयोग सम्बद्धक गरी अध्ययन गर्न सकिन्छ।

'कली उपन्यास' को सन्दर्भरसंरचना

'कली उपन्यास' ३०४ पृष्ठ, पच्चिस भागमा संरचित रचना हो। उपन्यासमा समाविष्ट गरिएका पच्चिस भागहरूमा कयौं अनुच्छेद र वाक्यहरू रहेका छन्। उपन्यासमा समाविष्ट वाक्यहरू सरलदेखि लिएर लामा र जटिलसम्मका छन्। प्रस्तुत उपन्यासमा प्रयोग भएका सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्ने क्रममा पाँचौं भागसम्मका भागहरूमा रहेका वाक्यहरूका बीच बाह्य सम्बन्ध दर्साउन आउने सम्बद्धकहरूको खोज गरिएको छ।

सम्बद्धकको आधारमा 'कली उपन्यास'को विश्लेषण

‘कली उपन्यास' मा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

भाग-१

१) म जन्मिँदा अन्धी थिएँ।

२) ‘आँखा त निस्किन्छ रे पछि वैद्यले भन्या।'

३) आँखा खुल्यो र बाँची भने त त्यो केटीले दुनियाँ झुलाउँछे।

४) पहिला त महिना नपुग्दै जन्मिस्, सात महिनामा।

५) औधी सास्तीमा गुज्रिन्छ हामी गरिबको जिन्दगी।

६) आमाले मेरो नाम गुलाफकली रहनुको तात्पर्य पन खोलिन् तर मलाई कहिल्यै कसैले पनि पूरा नाम गुलाफकली भनेर पुकारेनन्।

७) त्यो मर्यो।

ISSN 2822 – 1818 (Print)

८) म फिर्ता आएँ।

९) म युगलाई पनि छाम्छु कहिलेकाहीँ।

१०) म अहिले तपाईंहरूसँग वर्तमानकै भाषामा बोलिरहेकी छु।

प्रस्तुत उपन्यासको पहिलो भाग पृ.२१ देखि ३२ पृ. सम्म संरचित रहेको छ। यहाँ पहिलो भागमा विभिन्न सम्बद्धकहरू प्रयोग भएका १० ओटा वाक्यहरूमध्ये वाक्य १ मा म प्रथम पुरुष अग्र सन्दर्भकले 'कली' लाई जनाएको छ। वाक्य १, ५, ९, १०, मा म, प्रथम पुरुष सम्बद्धकले अग्र सन्दर्भक कलीलाई नै जनाएको छ। वाक्य ३ मा दर्शकवाचक सम्बद्धकको प्रयोग भएको छ त्यसमा प्रयोग भएको त्यो सम्बद्धकले कलीलाई नै जनाएको छ। त्यसैगरी वाक्य ८ मा पनि त्यो सम्बद्धकको प्रयोग भएको छ त्यसमा प्रयोग भएको त्यो दर्शकवाचक सम्बद्धकले पूर्व पति सुकेलाई जनाएको। वाक्य ४ मा कालिक सम्बद्धकको प्रयोग भएको छ जसमा सात महिना, भोलि बिहान, अहिलेजस्ता शब्दको प्रयोग भएको छ। वाक्य ३, ७, १०, मा र, तर, पनि जस्ता संयोजक सम्बद्धकको प्रयोग भएको छ। तथा वाक्य १, २, ३, ८, ९, १० मा कोशीय सम्बद्धकअन्तर्गत म, आँखा, त्यो, जस्ता शब्द पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको छ।

भाग-२

१. बिनाकरण सडकमा उभिएर हाँस्नुको के अर्थ हुन्छ ?

२. को होला त्यो ?

३. जो मलाई केही दिनदेखि आँखा गाढेर हेरिरहेछ।

४. मलाई पहिलो दिन त सामान्य लाग्यो।

५. दोस्रो दिन ऊ मेरो ठिकअगाडि एउटा घरको पेटीमा उभिएर मतिर हेर्दै हाँसिरहेको थियो।

६. आखिर यो मानिस किन एक्लै हाँस्छ र मतिर हेर्छ ?

७. चौथो दिनमा पनि आयो तर बाटो पारिपट्टि नै उभिएर हेर्दै हाँस्न थाल्यो।

८. ऊ मतिर फर्किएर हाँसिरहेको थियो।

९. दिनभरि उसको बिम्ब आँखामा घुमिरह्यो।

१०. बाटोमा कुचो लगाउन थालेपछि ऊ जुरुक्क उठ्यो।

प्रस्तुत उपन्यासको दोस्रो भाग पृ. ३३ देखि ४१ सम्म संरचित रहेको छ। यहाँ दोस्रो भागबाट टिपिएका विभिन्न १० वटा सम्बद्धकहरूमध्ये व्याकरणिक सम्बद्धकअन्तर्गत वाक्य १, २, ६ मा के, को, किन, कति जस्ता प्रश्नवाचक सार्वनामिक सम्बद्धक प्रयोग भएको छ। वाक्य ८ मा प्रयोग भएको तृतीय पुरुष ऊ ले नारानदत्तलाई जनाएको छ। वाक्य २, ६, मा दर्शकवाचक सर्वनाममा त्यो र यो ले नरानदत्तलाई जनाएको छ। त्यस्तै वाक्य ४, ५, ७, ९ मा पहिलो दिन, दोस्रो दिन, चौथो दिन, दिनभरि, बिहान, भोलिपल्ट, त्यतिबेलै शब्दले कालिक सम्बद्धकको काम गरेको छ। वाक्य १, ५, ७, १० मा रहेको सडकमा, घरको पेटिमा बाटो पारिपट्टि, बाटोमा, गल्लीतिर, बसपार्कतिर, मूल सडकमा, पसल, गुलाफपबाग, पार्कमा शब्दले स्थानिक सम्बद्धकको काम गरेको छ। वाक्य ४, ७ मा पनि तर, पो जस्ता संयोजक सम्बद्धकको प्रयोग भएको छ।

ISSN 2822 – 1818 (Print)

वाक्य ३, ४, ५, ७, २, ४, ९ मा त्यो, दिन, बाटो, म, ऊ, मलाई बुधनि, आँखा जस्ता पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको छ।

भाग-३

१. मेरो नाम गुलाफकली हो तर मलाई सबैले कली मात्र भन्छन् ।

२. यो पार्क पनि गुलाफबाग हो ।

३. म हिउँ फुल्ने ठाउँमा जन्मेको होइन, आगो फल्ने ठाउँमा जन्मेकी हुँ।

४. 'जाऊँ हिँड्नोस् पर्वते साहुको मिठाइ पसल। यहाँ पानीले गोद्लाजस्तो छ। भित्रपट्टि एउटा कोठामा बसौँला' उनले भने।

५. दिउँसै रात परेजस्तो अँध्यारो भयो।

६. बाटोमा गाडी, मोटरसाइकल, साइकल र मानिसहरूको भिड छिचोल्दै हामी हिँडिरह्यौं।

७. पर्वते साहुको पसलमा पुग्न पनि धौ धौ भयो।

८. उनी कहिले मेरो अघि अघि हुन्थे, कहिले सँगै टाँसिएर हिड्नुपर्थ्यो।

९. त्यो कुनै सम्भ्रान्त र कुलीन वर्गको मानिसको जस्तो पनि थियो।

१०. हामी हिँड्दा हिँड्दै पर्वते साहुको पसलअगाडिको चोकमा पुग्यौं।

प्रस्तुत उपन्यासको तेस्रो भाग पृ. ४२ देखि ५२ सम्म संरचित रहेको छ। यहाँ तेस्रो भागबाट टिपिएका विभिन्न १० ओटा वाक्यहरूमध्ये व्याकरणिक सम्बद्धकअन्तर्गत वाक्य ३, १०, मा पुरुषवाचक सार्वनामिक सम्बद्धकमा रहेको प्रथम पुरुषमा रहेको म, हामी जस्ता शब्दले कली र नारानदत्तलाई जनाएको छ भने द्वितीय पुरुषअन्तर्गत रहेको तपाईंले कलीलाई नै जनाएको छ। त्यसैगरी तृतीय पुरुष उनीले नारानदत्तलाई जनाएको छ। वाक्य २, ४, ९ मा रहेको यहाँ, यो, त्यो ले दर्शकवाचक सार्वनामिक सम्बद्धकलाई जनाएको छ। त्यस्तै वाक्य ५, मा दिउँसै शब्दले कालिक सम्बद्धकको काम गरेको छ। वाक्य २, ३, ४, ६, ७, मा पार्क (गुलाफ वाग), हिउँ फुल्ने ठाउँमा, आगो फल्ने ठाउँमा, मिठाइ पसल, बाटोमा, कारागार, विजयपुर, खेतबारी, माइतीघर, सडक, मूलसडक शब्दले स्थानिक सम्बद्धकलाई जनाएको छ। वाक्य १, २, ६, ७, ९ मा तर, पनि, र जस्ता संयोजक सम्बद्धक प्रयोग भएको छ। वाक्य ३, ७ मा ठाउँमा, पर्वते साहु, हामी, नारानदत्त तीनवर्ष, सडक शब्दले पुनरावृत्ति सम्बद्धकलाई जनाएको छ।

भाग-४

१. उनले मलाई आफ्नो निवासमा निम्त्याए पनि म जान धुक्चुकाइरहेकी थिएँ।

२. मेरो झाडु लगाउने काम कहिले कुनै गल्ली त कहिले मूल सडकमा पर्थ्यो।

३. उनी सडकबाट मुक्तिको मार्गचित्र कोर्थे।

४. म सडकबाट उन्मुक्ति खोज्थैं।

५. म विदुरको सपनाको यात्रामा हिँड्न न नारानदत्तको संरक्षण खोज्न लालायित हुन थालें।

६. एकदिन अचानक उनी एउटा कुइनेटोमा भेटिए।

७. पर्वतै साहुको पसल त्यस दिन सुनसान रहेछ।

८. हामी एउटा कुनामा आमने सामने बस्यौं।

ISSN 2822 – 1818 (Print)

९. के खाने ? हलुवा, मिठाइ खाने ? उनले सोधे।

१०. उनी खित्का छोडेर हाँसे।

प्रस्तुत उपन्यासको चौथो भाग पृ. ५३ देखि ५९ सम्म संरचित रहेको छ। यहाँ चौथो भागबाट टिपिएका विभिन्न १० ओटा वाक्यहरूमध्ये व्याकरणिक सम्बद्धकअन्तर्गत वाक्य सङ्ख्या ९, २२, २३ मा के जस्ता प्रश्नवाचक सार्वनामिक सम्बद्धक प्रयोग भएको छ जसले हलुवा, मिठाइलाई जनाएको छ। वाक्य सङ्ख्या १, ३, ४, ५, मा म, हामी जस्ता प्रथम पुरुष सम्बद्धकको प्रयोग भएको छ। वाक्य सङ्ख्या १, ३ मा उनले, उनी, त्यो जस्ता तृतीय पुरुष सम्बद्धकको प्रयोग भएको छ जसले नारानदत्त र झुपडीलाई जनाएको छ। वाक्य सं. ६, ७ मा प्रयोग भएका एक दिन, त्यस दिनजस्ता शबदले कालिक सम्बद्धकलाई जनाएको छ। वाक्य सं. १, २, ३, ४, ७ मा आफ्नो निवास, मूल सडकमा सडकबाट, कुइने, पसल, कुनामा, रामबागको बगैँचा घरमा, डेरामा, गल्लीमा, झुपडीमा, विजयपुरबजारमा जेलबाहिर, खेत, चौर, विद्यालय, कोठाको छेउकुना जस्ता शब्दले स्थानिक सम्बद्धकलाई जनाएको छ। वाक्य सं. १, २, ५ मा पनि तर जस्ता संयोजक प्रयोग भएको छ। वाक्य सं. ४, ५ मा कोशीय सम्बद्धकअन्तर्गत म, जस्ता शब्दहरूको पटक पटक प्रयोग भएका छन् जसले पुनरावृत्ति सम्बद्धकलाई जनाएको छ।

भाग-५

१. शील, समाधि र प्रज्ञाबाट वेष्ठित उनको मौजाका सबै रैतीहरू पनि धर्म र उदात्त दानमय चेतनाद्वारा प्रशिक्षित थिए।

२. पण्डित कुसुमाखरको देहान्तपछि उनका मेधावीपुत्र देवीदत्त पनि पैतृक धर्मसत्तामा निर्लिप्त रहे।

३. देवयुगजस्तो लाग्ने सामाजिक परिवेशभित्र अनेक दुराचार र कुकर्महरूको जालो पनि थियो।

४. पुत्रको अनुहार नदेखेको महिनौं हुन्थ्यो।

५. घरअगाडि गोल्डमोहरको रुख राताम्य भएर फुलेको थियो।

६. पलाँसजस्तो कुनै वास्ना नदिने गोल्डमोहरका फूलहरू आँगनभरि छरपस्ट देखिन्थे।

७. वैशाख महिनाको चर्को घाम छल्ने त्यो रुख कुनैबेला उसको हुकुम फर्माउने अड्डा थियो।

८. हरिनारानदत्त कहिले समाजलाई वाहियात लाग्ने काम गर्दथ्यो।

९. ऊ मानिसको चैतन्यग्रन्थी देखेर विरक्तिन थाल्यो।

१०. कति निदाउँछौ ? कति अन्धकारमा सुत्छौ ?

प्रस्तुत उपन्यासको पाँचौं भाग पृ. ६० देखि ६४ सम्म संरचित रहेको छ। यहाँ पाँचौं भागबाट टिपिएका विभन्न १० ओटा वाक्यहरूमध्ये व्याकरणिक सम्बद्धकअन्तर्गत वाक्य नं. १ मा 'कति' भन्ने शब्दले प्रश्नवाचक सर्वनामिक सम्बद्धकलाई जनाएको छ। त्यसै गरी वाक्य ४, ७ मा वैशाख महिनाजस्ता कालिक सम्बद्धकलाई जनाएको छ। वाक्य ५, ६ मा घरअगाडि, आँगनभरि जस्ता स्थानिक सम्बद्धकको काम गरेको छ। वाक्य १, २, ३ मा र, पनि, त्यो, त, ऊ, नै, तर जस्ता शब्दले संयोजक सम्बद्धकको काम गरेका छन्। त्यसैगरी कोशीय सम्बद्धकअन्तर्गत वाक्य ५, ६, ८ मा हरिनारानदत्त, गोल्डमोहर, ऊ, म जस्ता शब्दले पुनरावृत्ति सम्बद्धकको काम

ISSN 2822 – 1818 (Print)

गरेका छन् । वाक्य ६ मा फुल शब्दले समावेशात्मक सम्बद्धकअन्तर्गत पलाँसलाई जनाएको छ।

निष्कर्ष

'रेशम विरही' मौलिक, सिर्जनात्मक र निजात्मक भाषा, शैली र रचनाविन्यास भएका साधक हुन्। उनै विरहीद्वारा लेखिएको 'कली उपन्यास' ले शैली तथा विषयगत नवीनता अनि पात्र र चरित्रको नवीन प्रस्तुतिले उपन्यासमा आममान्छेका सपना, सङ्घर्ष र समय परिवर्तनको गति तथा आवेगहरुलाई कसरी सार्थक एवम् कलात्मक बनाएको छ भन्न प्रस्तुत 'कली उपन्यास' को सङ्कथन विश्लेषणलाई अध्ययनको विषय बनाइएको हो।

नेपाली भाषाको अध्ययन क्षेत्रमा कमै मात्रामा सङ्कथन विश्लेषण गर्ने गरेको परिप्रेक्ष्यमा यो सम्बद्धक प्रयोगका आधारमा गरिएको यस अध्ययनले सङ्कथन विश्लेषणको क्षेत्र तथा प्रायोगिक भाषाविज्ञानका विद्यार्थीहरूलाई केही मात्रामा भए पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ। कली उपन्यासको ३०४ पृष्ठमा संरचित भएकोले पूर्ण कृतिको विश्लेषण यस अध्ययनको लागि भद्दा देखिने भएकोले पाँचौ भागको सीमामा रही यस अध्ययन गरिएको छ। पछिल्लो समयमा सङ्कथन विश्लेषणसम्बन्धी अझै आख्यानात्मक कृतिहरूमा झनै अध्ययनको कमी हुँदो अवस्थामा यस अध्ययन औचित्यपूर्ण हुने देखिन्छ।

'कली' उपन्यासमा व्याकरणिक र कोशीय दुबै प्रकारका सम्बद्धकहरूले भाषिक जोर्नीको भूमिका निर्वाह गरी उपन्यासलाई सुशृङ्खलित बनाएको देखिन्छ। यस उपन्यासमा व्याकरणिक र कोशीय दुबै सम्बद्धकको प्रयोग भएको छ भने व्याकरणिक सम्बद्धकअन्तर्गत कालिक र स्थानिक सम्बद्धकको प्रयोग बढी भएको छ। कोशीय सम्बद्धकअन्तर्गत पुनरावृत्ति सम्बद्धकको बढी प्रयोग भएको छ। सम्बद्धक प्रयोगका दृष्टिले 'कली उपन्यास' (पाँचौ भागसम्म) सशक्त देखिन्छ। सम्बद्धक छनोटलाई हेर्दा यस उपन्यासमा प्रयुक्त सम्बद्धकहरूले विचारको शृङ्खलालाई शृङखलित बनाएर उत्कृष्ट बनाएको देखिन्छ। यस उपन्यासमा सम्बद्धकहरूको यथोचित प्रयोगले शब्दरवाक्यहरू बिस्तार रोकी मीतव्ययिता कायम हुँदा भाषाहरू वान्की परेको देखिन्छ। यसरी कली उपन्यासको पाँचौसम्म सार्वनामिक, स्थानिक र कालिक, संयोजन प्रतिस्थापन, लोप, निपात तथा पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशात्मक सन्निधान वा सहप्रयोग शब्द शृङ्खलाजस्ता सम्बद्धकहरुको प्रयोगको दृष्टिकोणले कली उपन्यास सशक्त देखिन्छ।

सन्दर्भ सामग्री सूची

गौतम, देवीप्रसाद, भण्डारी र अन्य, (२०६९), *स्नातक नेपाली,* काठमाडौं: पिनाकल पब्लिकेसन।

ढकाल, शान्तिप्रसाद, र अन्य, (२०७४), *अनिवार्य नेपाली,* काठमाडौं: पिनाकल पब्लिकेसन।

ढुङ्गाना, तुलसीप्रसाद (२०६७), *प्रायोगिक भाषाविज्ञानाका प्रमुख आयाम,* काठमाडौं: जुपिटर प्रकाशक तथा वितरक प्रा.लि.।

ISSN 2822 – 1818 (Print)

ढुङ्गेल, डिल्लीराम र अन्य,(२०६६), *अनिवार्य नेपाली १०२,* काठमाडौः अक्सफोड इन्टरनेसनल पब्लिकेसन।

निरौला, फडिन्द्रराज र निरौला, लेखप्रसाद (२०६९), *अनिवार्य नेपाली,* काठमाडौः प्रधान बुक्स ।

पोखरेल, केशवराज र काफ्ले उमेश (२०७४), *प्रायोगिक भाषा विज्ञान,* काठमाडौः क्याम्ब्रिज पब्लिकेसन प्रा.लि. क्याम्ब्रिज पब्लिकेसन प्रा.लि.

पौडेल, माधवप्रसाद (२०७४), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू,* काठमाडौः हेरिटेज पब्लिसर्स डिस्ट्रिब्यसटसर्स प्रा.लि.

बन्धु, चुडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौः रत्नपुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०७४), *भाषिक अनुसन्धान विधि,* काठमाडौः पिनाकल पब्लिकेसन ।

भण्डारी, पारसमणि (२०७५), *व्यावहारिक लेखन तथा सम्पादन,* काठमाडौः विद्यार्थी पुस्तक भण्डार।

लामिछाने, कपिलदेव (२०६०), *अनिवार्य नेपाली व्याकरण र अभिव्यक्ति,* भैरहवाः लुम्बिनी स्टुडेन्ट कर्नर ।

विरही, रेशम (२०७९), कली ज्ञानज्योति बुक्स पब्लिकेसन प्रा.लि. बागबजार

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद, (२०६९) *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौः न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

ISSN 2822 – 1818 (Print)